# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०२।१२ गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये परीक्षाको परिणाम फेरबदल, राजश्व चुहावट र घुस/रिसवत लिई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८०।०२।१२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
भोला दाहाल

देहायः

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | केशव प्रसाद घिमिरे समेत ५जना (वि.अ. को मु.नं. ०७६-CR-००७१), वि.अ. को फैसला मिति २०७९।०६।०४) | परीक्षाको परिणाम फेरवदल गरी भ्रष्टाचार गरेको । | • प्र. केशव प्रसाद घिमिरे समेत ५ जनाको हकमाः भ्र.नि. ऐन, २०५९ को दफा १३ को कसुरमा ऐ. ऐन को ऐ. दफा बमोजिम सजाय हुन । | **फैसलाः**<br>प्रतिवादीहरु केशव प्रसाद घिमिरे, राजेश्वर न्यौपाने, टेकनाथ ढकाल, परशुराम कोईराला र बच्चुराम पाण्डेका विरुद्धको आरोपमागदावी बस्तुनिष्ट प्रमाणवाट पुष्टि हुन नसकेको हुँदा निजहरुले सफाई पाउने ठहर्छ।<br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br>• गलत नियत राखी नम्वर प्रदान गरेको भन्ने अवस्था नदेखिँदा उत्तरपुस्तिकामा सामान्य नम्वर थप गरेकै आधारमा बदनियतपूर्ण कार्य गरेको भन्ने अर्थ गरी कसूर कायम गरी सजाय गर्नु न्यायोचित देखिँदैन।<br>• परीक्षक तथा सम्परीक्षणले गलत नियत राखी त्रुटीपूर्ण तरिकाले परीक्षण तथा सम्परिक्षण गरेको भन्ने आरोपदावी पुष्टी हुन नसकेको। | • उत्तरपुस्तिकाहरु परीक्षण गर्दा प्रदान गरेको शुरु प्राप्ताङ्कमा व्यापकरुपले केरमेट गरी पछि अंक थप गरेको र अनुतिर्ण उम्मेदवारलाई समेत अंक थप गरी उत्तिर्ण गराएको स्पस्टरुपमा देखिन आएको,<br>• शिक्षक मथुरा ढकालसमेत विरुद्ध नेपाल सरकार भएको परीक्षाको परीणाम फेरबदल गरी भ्रष्टाचार गरेको नि.नं.१०१४२ मुद्दामा "भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन । अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो । प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ । साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने" भनि सिद्धान्त प्रतिपादन भएको,<br>• उत्तर पुस्तिका परीक्षण गर्ने, रुजु गर्ने र सम्परीक्षण गर्नेले समेत आफ्नो जिम्मेवारी कुशलता पूर्वक निर्वाहा नगरी पास समेत नभएका उम्मेदवारहरुलाई केरमेट गरी अंक थप गरी पास गराएको । |
| २ | अविनाश कुँवर (वि.अ. को मु.नं. ०७६-CR-००७१), वि.अ. को फैसला मिति २०७९।०१।२२) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • प्र.अविनाश कुँवरः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा ऐ. ऐन को दफा ३(१)(ग) बमोजिम सजाय हुन । | **फैसलाः** अभियोग मागदावीवाट सफाई।<br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br>• आरोपीत प्रतिवादीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकारी समक्ष तथा यस अदालत समक्ष वयान गर्दा समेत आरोपित कसूरमा पूर्णत इन्कारी भई वयान लेखाएको।<br>• बरामद रकम राज्यकोषवाट उपलव्ध गराइएको देखिदां उक्त रकमलाई प्रमाण ग्राह्य गर्न नमिल्ने सर्वोच्च अदालतवाट सिद्धान्त प्रतिपादन भएको, | • Common Law System अन्तर्गतको फौजदारी न्याय प्रक्रियामा पिडकलाई समेत Right to Silence को साथै Self Criminalization गर्न वाध्य नपारिने हक रहेको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा गरेको आदेशको व्यहोरामा समेत "मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ" भन्ने व्यहोरा उल्लेख भएको,<br>• प्रस्तुत मुद्दामा प्रतिवादीले सेवाग्राहिसँग घुस/रिसवत स्वरुप जम्मा रू ५९,०००।— लिन मञ्जुर हुनुका साथै लिनुखानु गरेको निवेदकले दिएको किटानी उजुरी निवेदन, निवेदकको मौकामा आयोग समक्ष र अदालत समक्ष गरेको कागज र वकपत्र, अडियो, भिडियो रेकर्ड तथा सो को आधारमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | • बरामदी रकम नै गैर संवैधानिक भई विगो नै कायम गर्न नमिल्ने हुँदा विगो विनाको कसूर कानूनी रुपमा अपुरो हुने भएकोले टेलिफोन मोवाईल जस्ता अन्य स्वतन्त्र प्रमाणहरुको पनि कानूनी दृष्टीकोणवाट कुनै महत्व हुने देखिएन,<br>• प्रतिवादी कसूरदार हुन भन्ने निष्कर्षमा पुग्न प्रतिवादीवाट अपराधिक कार्य र आपराधिक मनसाय एक साथ भएको भन्ने अभियोजन पक्षले पुष्टि गर्न नसकेको। | तयार पारिएको स्क्रिप्ट राईटिङ्ग लगायतले स-प्रमाण पुष्टि भएको,<br>• "आफूवाट बरामद भएको रकमलाई अन्यथा पुष्टी गर्ने नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने" भन्ने सर्वोच्च अदालतवाट सिद्धान्त प्रतिपादन भएको,<br>• प्रमाण ऐन, २०३१ को दफा १३क.(१) मा श्रव्य-दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनि उल्लेख भएको,<br>• <u>ने.का.प.२०७४, अंक ९, नि.नं.९८८०</u> मा "सि.डी. लगायत विद्युतीय माध्यमबाट संकलित प्रमाणलाई मुद्दामा प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन भन्ने अवश्य होइन ।विज्ञान र प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व विकास र थपिएका अनेकौ नवीनतम् आयामहरूलाई न्याय निरूपणका सन्दर्भमा अदालतले अनदेखा गर्न नहुने" भनि सिद्धान्त प्रतिपादन भएको । |
| ३ | आनन्द केशरी पोखरेलसमेत ३८ जना (वि.अ. को मु.नं. ०७६-CR-०१५६), वि.अ. को फैसला मिति २०७९।०९।२६) | राजश्व चुहावट, कागजात नोक्सान तथा परीक्षाको परिणाम फेरवदल गरी भ्रष्टाचार गरेको। | प्रतिवादीहरु उपर. भ्र.नि.ऐनको दफा ७(क)(ग) तथा ऐ.को दफा १२ र १३ को कसूर बिगो रु.८,५९,५५०। — कायम गरी ऐ.ऐनको दफा ३(१)(ङ) र७, १२ र १३ बमोजिम सजायसमेत हुन। | <u>**फैसलाः**</u><br>प्रतिवादीहरु आन्नद केशरी पोखरेल, वासुदेव पोखरेल, मुरारी मिश्र, नवराज थापा, राममणी पोखरेल, ईश्वरराज रेग्मी र शम्भु प्रसाद थपलियालाई भ्र.नि.ऐनको दफा १३ को कसूरमा कैद र जरिवाना गरिएको तथा अन्य मागदावीवाट सफाई र अन्य प्रतिवादीलाई सम्पूर्ण आरोपमागदावीवाट सफाई।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• प्रतिवादीहरु आनन्दकेशरी पोखरेल, बासुदेव पोखरेल, मुरारी मीश्र र नवराज थापाले परीक्षा समितिमा बदनियतपूर्वक अनुपस्थित वा फेल भएका परिक्षार्थीहरुलाई पास भनी गैरकानूनी निर्णय गरी सवारी चालक अनुमतिपत्र प्रदान गरेको,<br>• प्रतिवादीहरु राममणी पोखरेल र ईश्वरराज रेग्मीले १३ जनाको नतिजामा फेरवदल गरी गैरकानूनी लाभ पुर्‍याउने वदनियतले फेलवाट पास वनाई दुबै | • Fail/Absent भएका परीक्षार्थीले पुनः परिक्षामा सामेल हुँदा नेपाल सरकारलाई थप राजस्व प्राप्त हुने अवस्था विद्यमान हुँदाहुँदै नेपाल सरकारको राजस्व चुवाहवट गर्ने र आफुले गैर कानूनी लाभलिने मनसायले काम गरिरहेको अवस्था छ। त्यस्तै परीक्षा समितिको निर्णय समेत सच्चाउने, परीक्षामा Fail/Absent भएका हरुलाई समेत उर्तिर्ण गराउने कार्यवाट सरकारी कागजात समेत नोक्सान पुर्‍याएको वा नष्ट गरेको देखिएको,<br>• परिक्षामा सामेलनै नभएका तथा अनुतिर्ण भएकालाई समेत उर्तिर्ण गरी सवारी चालक अनुमतिपत्र प्रदान गर्ने कार्यले नेपाल सरकारलाई प्राप्त हुने राजस्व गुम्नजानुका साथै सार्वजानिका संस्थाको कागजात समेत लुकाएको वा नोक्सान गरेको पुष्टी हुन आएको,<br>• भ्रष्टाचार कसूरमा अनुसन्धान गरी अभियोजन गर्नलाई उजुरी पर्नुपर्ने अवस्था रहदैन[1]। प्रतिवादीको वदनियत नदेखिएको, मनसायपूर्वक योजनावद्ध रुपमा कार्य गरेको नदेखिएको भन्ने सम्बन्धमा प्रतिवादीको वदनियत वा गलत मनसायपूर्वक कार्य गरेको वा नगरेको भन्ने कुरा निजको काम कारवाहिवाट देखिने कुरा हो। सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ । By conduct अर्थात् कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ । प्रस्तुत सन्दर्भमा प्रतिवादीहरूको क्रियातत्व हेर्दा मासी खाएको रकम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रतिवादीहरुले कसूर गरेको,<br>• प्रतिवादी शम्भुप्रसाद थपलियाले ठूलो संख्यामा नतिजामा फरक पारेको र अर्कोतर्फ प्रतिवादीले सो कार्य भुलवस वा अज्ञानमा गरेको भन्ने जिकिर लिएको पनि देखिदैन। कर्ताको कार्यवाटै बदनियत पुष्टि हुने भएकोले प्रतिवादीले बदनियतपूर्वको कसूर गरेको पुष्टी हुन आएको।<br>• प्रतिवादी धर्मराज ढुङ्गनाको हकमा केवल ५ जना प्रशिक्षार्थीको प्रतिवादीले पेश गरेको प्रतिवेदन र रसिदमा फरक फरक परेको देखिएको र सो कार्य गर्दा प्रतिवादीले वदनियतपूर्वक कार्य गरेको वा लिनु खानु गरेको वा जानिजानी गरेको भनी वादी पक्षले प्रमाणवाट पुष्टी नगरेको। | बेरुजू प्रकृतिको नभई आफ्नो जिम्माको रकम मासी खाने, दुरुपयोग गर्ने मनसायबाट कामकारवाही भएकोले यस्तो कार्य भ्रष्टाचारजन्य कसूर अन्तर्गत पर्ने भनी सिद्दान्त प्रतिवाद नभएको। |